Annapurna Post
Saturday
March 24, 2012
Chaitra 11, 2068

# व्यापारमा भारतसँग निर्भरता बढ्दो

अन्नपूर्ण समाचारदाता

**काठमाडौं, १० चैत :** पूर्वाधार र निर्यातक्षमता कमजोर हुँदा भारतसँगको व्यापारघाटा निरन्तर बढेको अध्ययनले देखाएको छ। नेपालको कुल व्यापारको झन्डै ६५ प्रतिशत हिस्सा भारतसँग छ। भारतसँगको व्यापार हिस्सा क्रमशः बढ्दो क्रममा छ।

विगत एक दशकदेखि भारतसँग नेपालको व्यापारघाटा क्रमशः बढेको हो। भारतसँग व्यापारको हिस्सा बढ्दै गएपनि आयातको तुलनामा निर्यात बढ्न नसकेपछि घाटा निकै चुलिएको हो। 'सन् २००२ देखि नै नेपालको व्यापारघाटा निकै उच्चदरले बढेको छ। साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाएरोन्मेन्ट (सावती) का प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले भने, 'निर्यात हुने वस्तुको मूल्य अभिवृद्धि निकै कम भएकोले व्यापारघाटा घट्न नसकेको हो।'

भारतसँगको व्यापारमा भन्सारबाहेक अन्य समस्या पनि रहेको उनले बताए। गैरभन्सार अवरोधका कारण निर्यात बढ्न नसकेको अध्ययनले देखाएको छ। काउन्टर भ्यालिङ डयुटी, क्वारेन्टाइनजस्ता समस्याले निर्यातलाई असर गरेको छ। त्यस्तै नेपालको आपूर्ति क्षमता कमजोर अवस्थामा रहेकोले निर्यात नबढेको हो। नेपालबाट प्रशोधन नभएका वस्तुको निर्यात हुँदा रोजगार सिर्जना र निर्यात हुने मुलुकमा विविधीकरण सम्भव नभएको कार्यकारी निर्देशक डा. अधिकारीले बताए।

नेपालले जस्तै अन्य मुलुकले पनि भारतीय बजारमा निर्यातको सुविधा पाए नेपालको प्रतिस्पर्धी क्षमता अझै खस्कने अध्ययनमा देखिएको कार्यकारी निर्देशक डा. अधिकारीले बताए। नेपालबाट निर्यात हुने वस्तुको मूल्य अभिवृद्धि निकै कम हुने र त्यही वस्तु भारतमा लगेर मूल्य अभिवृद्धि पछि नेपालमै आयात हुने गरेको जानकारी पनि दिइएको छ। नेपालले कच्चापदार्थको निर्यात गर्ने र भारतले मूल्य अभिवृद्धि गरेर उपभोग्य वस्तुका रूपमा पुनः नेपालतिरै निर्यात गर्ने अध्ययनमा देखिएको छ। नेपालबाट अलैंची, अदुवा र अन्य जडीबुटी प्रशोधनबिना भारततर्फ निर्यात हुन्छ। यिनै वस्तुको प्रशोधन गरेर भारतले नेपाललगायतका मुलुकमा निर्यात गर्छ।

अमेरिकी सहयोग नियोगको नेपाल इकोनोमिक, एग्रीकल्चर एन्ड ट्रेड (निट) एक्टिभिटिजको सहयोगमा सावतीले गरेको नेपाल-भारत व्यापारसम्बन्धी अध्ययनको प्रतिवेदन र दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता र सार्कको व्यापार तथा सेवासम्बन्धी सम्झौता (स्याटिस) को

**भारतसँग व्यापारको हिस्सा बढ्दै गए पनि आयातको तुलनामा निर्यात बढ्न नसकेपछि घाटा निकै चुलिएको छ।**

अध्ययन प्रतिवेदन सार्वजनिक गर्न शुक्रबार आयोजित कार्यक्रममा नेपालले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापारबाट लाभ लिन नसकेको बताइयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षत्रीले व्यापारकै माध्यमबाट अन्तर्राष्ट्रिय पुँजी प्रयोग गरी मुलुकको आर्थिक विकास गर्नुपर्ने भए पनि नेपालले हालसम्म सफलता हासिल गर्न नसकेको बताएका छन्। 'आर्थिक विकासमा बाह्य क्षेत्रलाई सहभागी गराउने माध्यम व्यापार नै हो', उनले भने, 'व्यापारमा बाह्यक्षेत्रको प्रवेशले आर्थिका विकासको ढोका खुल्छ।'

विश्व व्यापार संगठन (डब्लूटीओ), साफ्टा र विमस्टेकजस्ता क्षेत्रीय र बहुपक्षीय व्यापार सम्झौतामा हस्ताक्षर गरिसकेपछि पनि नेपालले अपेक्षित लाभ प्राप्त गर्न नसकेको उनले बताए। 'द्विपक्षीय रूपमा नेपालले १७ वटा मुलुकसँग व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ', उनले भने, 'तर भारतसँगको व्यापार निर्भरता निकै बढ्यो। तत्काल घट्ने सम्भावना पनि छैन।' कुल व्यापारघाटाको ६४ प्रतिशत हिस्सा भारतसँगै छ।

वाणिज्य तथा आपूर्तिसचिव लालमणि जोशीले डब्लूटीओमा प्रवेश गरिसकेपछि पनि नेपालको व्यापारमा विविधीकरण हुन नसकेको बताए। 'नेपालको व्यापारिक साझेदार मुलुकमा पनि विविधीकरण भएन भने वस्तुमा पनि विविधीकरण भएन', सचिव जोशीले भने, 'यही कारण भारतसँग मात्रै ६५ प्रतिशत व्यापार भएको हो।'

योजना आयोगका पूर्वअध्यक्ष एवं अमेरिकी सहयोग नियोगको नेपाल इकोनोमिक, एग्रीकल्चर एन्ड ट्रेड(निट) एक्टिभिटिजका उपप्रमुख पृथ्वीराज लिगलले द्विपक्षीय र बहुपक्षीय व्यापारमा देखिएका कमजोरी सुधार गर्नुपर्ने बताए। उनले निर्यात बढाउन नसक्नुको कारण पत्ता लगाएर त्यस्ता कमजोरीमा सुधार गर्नुपर्ने बताए। सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले अन्य मुलुकसँग व्यापार सम्झौता भए पनि भारतसँगको व्यापार महत्त्वपूर्ण भएको धारणा राखे।